प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# ईद (ईद-उल-फित्र) पर्व, २०८२ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व ईद (ईद-उल-फित्र) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको हार्दिक शुभकामनाका साथ 'मुबारकवाद' ।

अरबी क्यालेण्डरको रमजान महिनाको एक महिने सौम (व्रत) अर्थात् तीस दिने उपवासपछिको रातमा खुर्पेचन्द्रमा देखिएको भोलिपल्ट खुशीयाली साटासाट गर्दै संसारभरका मुस्लिम समुदायले महान चाड ईद-उल-फित्र मनाउने गर्दछन् । पवित्र रमजान महिनामा एक महिनासम्म दिनभरीको भोकतिर्खा बिर्सेर, रिसराग र स्वार्थ त्यागेर सबै ज्ञानेन्द्रीयहरूलाई कुकर्मबाट टाढा राखी बाँकी एक वर्षको लागि कठोर अभ्यास पूरा गरेर पविज्ञ जीवनशैली सुरु गर्ने दिनको रुपमा यस दिनलाई लिइन्छ ।

ईदमा विशेष नमाज समर्पण गरिसकेपछि आपसमा शुभकामना र आशीर्वचन आदानप्रदान गरिनुका साथै मिष्ठान्न परिकार समेत खाने र खुवाउने परम्परा रहिआएको छ । संयमता, धैर्यता, विश्वशान्ति र भाइचाराको सन्देश प्रवाह गर्ने यो महत्वपूर्ण चाडले नेपालीबीच आपसी एकता, मित्रता, सहयोग एवं सद्भाव बढाउँदै समृद्ध समाज निर्माण गर्न मद्दत पुगोस् भन्ने कामना गर्दछु ।

यस पर्वसँग जोडिएको असल परम्परालाई हामीले संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्नेछ । विविधता बीचको एकता नेपालीको विशिष्ट पहिचान हो । यी प्रत्येक पर्वहरुलाई सबैले आदर र सम्मान गर्ने हाम्रो आफ्नै सद्भावयुक्त परम्परा छ, त्यस मध्ये ईद-उल-फित्र पर्व पनि एक महत्वपूर्ण पर्व हो ।

अन्तमा, ईद-उल-फित्र पर्वले हामी सबैलाई धार्मिक-सांस्कृतिक सद्भाव, आपसी सहयोग र राष्ट्रिय एकता मजबुत बनाउन प्रेरणा प्रदान गरोस्, यही शुभकामना व्यक्त गर्दछु । ईद मुवारक !

२०८२ चैत ७ गते, शनिबार ।
ने.सं. ११४६ चौलाथ्व: तृतीया-३ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख